उत्तरगया गाउँपालिका
कार्यपालिका बैठक निर्णय

बैठक संख्याः ९०/२०८०/११/११

१. उत्तरगया गाउँपालिकाको गाउँसभाको पन्ध्रौं अधिवेशन मिति २०८० साल फागुन १७ गते बिहिबार दिनको ११:०० बजे बस्ने गरी अधिवेशन आव्हान गर्न सिफारिस गर्ने ।

२. उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधी २०८० स्वीकृत गर्ने ।

३. बागमती प्रदेश सरकार र उत्तरगया गाउँपालिकाको साझेदारीमा आगामी आर्थिक वर्ष २०८१।८२ को लागि प्रदेश समपूरक अनुदान कार्यक्रमको लागि भाँगेखोला घडेरीडाँडा सडकको लागि रु १ करोड ३० लाख र ढुङ्गे आधारभूत विद्यालय भवन निर्माणको लागि रु ७० लाखमा समपूरक साझेदारी गर्नेगरी प्रस्ताव पेश गर्ने ।

४. आगामी आर्थिक वर्ष २०८१।८२ को लागि प्रदेश विशेष अनुदानको लागि जमरी खोला काभ्रे खोला बनुवा खानेपानी योजना रु ५० लाख र विस्थापित वस्ती आर्थिक तथा सामाजिक विकास कार्यक्रम लागि रु ५० लाखको कार्यक्रम प्रस्ताव पेश गर्ने ।

बैठक संख्याः ९१/२०८०/११/१६

१. गाउँसभाको पन्ध्रौं अधिवेशनको पहिलो बैठकमा आर्थिक ऐन २०८० लाई संसोधन गर्न बनेको विधेयक २०८०, उत्तरगया गाउँपालिकाको विनियोजन ऐन २०८० लाई संसोधन गर्न बनेको विधेयक २०८० र उत्तरगया गाउँपालिकाभित्रका भूकम्पबाट विस्थापितहरुको समस्या समाधानका लागि विशेष प्रस्ताव पेश गर्ने।